# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## हात्तिसार, काठमाण्डौं
## विशेष साधारण सभाको
## निर्णय (माईन्युट)

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभा मिति २०८० वैशाख ६ गते बुधवार तदनुसार अप्रिल १९, २०२३ का दिन विहान १०:३० बजे कम्पनीका संचालक समितिका अध्यक्ष श्री पियुष राज अर्याल ज्यूको सभापतित्वमा अग्रवाल सेवा केन्द्र, कमलपोखरी काठमाण्डौंमा बसी निम्नलिखित एजेण्डा (प्रस्ताव) हरु उपर छलफल गरि निर्णयहरु गरियो।

१. उपस्थिती

क. संचालकहरुको उपस्थिती

| | |
|---|---|
| श्री पियूष राज अर्याल | अध्यक्ष |
| श्री दिपेश अमात्य | संचालक |
| श्रीमती डा. सन्तोष अग्रवाल | संचालक |
| श्रीमती प्रमिला के.सी. थापा | संचालक |
| श्री राजिव प्रसाद प्याकुरेल | संचालक |
| श्री सुरज श्रेष्ठ | संचालक |
| श्री डा. रेशम थापा | स्वतन्त्र संचालक |

ख. पदाधिकारीहरुको उपस्थिती

| | |
|---|---|
| श्री निर्मल दाहाल | प्रमुख कार्यकारी अधिकृत |
| श्री राजन प्रसाद अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव |
| श्री लक्ष्मण ज्ञवाली | प्रमुख वित्तीय अधिकृत |
| श्री मन्दिल अधिकारी | प्रमुख - सुचना प्रविधी |
| श्री नविन थापा | प्रमुख - मार्केटिङ्ग |
| श्री विमल वहादुर राउत | प्रमुख - अण्डरराइटिङ्ग |
| श्री विकास वस्नेत | प्रमुख - मानव संशाधन |
| श्री सूवाश दंगाल | प्रमुख - पूनर्वीमा |
| श्री लाक्पा शेर्पा | प्रमुख - परिपालन, कानून तथा आ.ले.प. |
| श्री समिर खरेल | प्रमुख - दावी विभाग |

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

ग. <u>अन्य आमन्त्रित महानुभावहरुको उपस्थिती :</u>
श्री प्रविन दाहाल, प्रतिनिधि श्री कम्पनी रजिष्ट्रारको कार्यालय

३. <u>शेयरधनीहरुको उपस्थिती</u>

| | |
|---|---|
| (क) शेयरधनी महानुभावहरु स्वयं उपस्थित | १३९ |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित | १ |
| (ग) शेयरको प्रतिनिधित्व संख्या | १,७१,४६,१९० |
| (घ) जम्मा शेयर संख्या | ३,१४,०९,६५७ |
| (ङ) शेयर संख्याको उपस्थिती प्रतिशत | ५४.५९% |

**४. <u>छलफलका बिषय (प्रस्ताव) हरु:</u>**

(क) **<u>विशेष प्रस्ताव अन्तर्गत :</u>**

१. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

२. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात वन्ने जीवन वीमा व्यवसाय गर्ने कम्पनीको नाम **"हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रेजीमा **"Himalayan Life Insurance Limited"** कायम गरी सो नामबाट जीवन वीमा व्यवसाय संचालन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

३. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता सुबोध एण्ड एशोसिएट्स, चार्टड एकाउण्टेन्टसद्धारा तयार गरिएको प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Diligence Report)** तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको आधारमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको (तीनै कम्पनीको) शेयर अनुपात क्रमशः १ : १ : १ कायम गरी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धी कार्यको लागि गरिएको अन्तिम संझौतापत्र **(Scheme of Agreement),** सहमतीपत्र **(Memorandum of Understanding)** तथा अन्य भए गरेका मर्जर सम्वद्ध संझौताहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने ।

५. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Diligence Report)** तयार गर्नका लागि नियुक्त हुनु भएका लेखापरीक्षक / मुल्यांकनकर्ताको नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिकको अनुमोदन गर्ने ।

६. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको संझौता वमोजिम सो को आवश्यक स्वीकृतिको लागि नियमनकारी निकाय श्री नेपाल वीमा प्राधिकरणमा निवेदन गर्न र



प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

गाभ्ने/गाभिने कार्यसंग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात गठन हुने संचालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पश्चात बन्ने कम्पनीको संचालक समितिमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट चयन भई आउनु हुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

८. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको साविक संचालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै अवधि बाँकी रहेको भएता पनि गाभिने कार्य सम्पन्न भई साविक तिन वटै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ संचालक समिति गठन भए पश्चात विद्यमान संचालकहरुको कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत गाभिए पछि बन्ने संस्थाको प्रथम वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

१०. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको नाम, अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि हुने हुँदा सोहि मुताविक कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको दफाहरु संसोधन गरी अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

११. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व समेत फेरबदल हुने हुँदा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरुमा संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

१२. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायले कुनै फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) विविध:**

प्राइम लाइफ इन्स्योरेन्स
कम्पनी लि.
प्रधान कार्यालय
हात्तीसार, काठमाडौं

५. **विशेष साधारण सभाको सूचना सम्बन्धि जानकारी**

यस कम्पनीको विशेष साधारण सभाको सूचना प्रथमपटक मिति २०७९।१२।२१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिका र दोश्रोपटक मिति २०७९।१२।२९ गतेको आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएको साथै विशेष साधारण सभा सम्वन्धि सूचना यस कम्पनीको Website मा समेत उपलब्ध गराइएको थियो ।

६. **गणपुरक संख्या**

यस विशेष साधारण सभामा निम्नवमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| कूल शेयर कित्ता | जम्मा शेयरधनी संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | उपस्थिती प्रतिशत |
|---|---|---|---|---|---|
| ३,१४,०९,६५७ | ३०,०१३ | १३९ | १ | १,७१,४६,१९० | ५४.५९ |

७. **सभाको वैधानिकता**

यस विशेष साधारण सभाको वैधानिकताको सम्वन्धमा कम्पनी सचिववाट कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीका प्रावधानहरु बमोजिम यो विशेष साधारण सभा बोलाइएको व्यहोरा सभामा जानकारी गराइयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार माथि उल्लेख भए वमोजिम आवश्यक गणपूरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिववाट सभा समक्ष प्रस्तुत गरियो । यसरी सभा सञ्चालनको लागि प्रचलित ऐन कानून बमोजिम आवश्यक गणपूरक संख्या समेत पुगेको व्यहोरा अवगत गराए पश्चात अध्यक्ष ज्यूबाट सभाको कार्यवाही शुरु गरियो ।

८. **सभाको सभापतित्व र सभा संचालन**

यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री पियुष राज अर्याल ज्यूले सभाको सभापतित्व गरी विशेष साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट कम्पनीको हालको वित्तीय लगायत अन्य व्यवसायिक बिषयवस्तुका सम्वन्धमा संक्षेपमा प्रस्तुत गर्नुभई यो विशेष साधारण सभा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि., गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लि. र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लि. (तिनवटा) को गाभ्ने गाभिने प्रक्रियासंग सम्बन्धित रहेको र सोहि बमोजिम एजेण्डाहरु पेश गरिएको व्यहोरा जानकारी गराउनुभयो ।

९. **छलफलका लागी आव्हान**

(क) सभा समक्ष सभापति ज्यूले संचालक समितिको तर्फबाट अध्यक्षको संक्षिप्त मन्तव्य प्रस्तुत गर्नुभए पश्चात सभाको निर्धारित एजेण्डाहरुको सम्बन्धमा छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

(ख) यस विशेष साधारण सभामा निर्धारित एजेण्डाहरु उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आआफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

| सि.नं. | नम | सि.नं. | नम |
|---|---|---|---|
| १ | श्री डमरु वल्लभ घिमिरे | २ | श्री शिव प्रसाद पौडेल |
| ३ | श्री गुणराज भट्ट | ४ | श्री अमिर दाश रन्जित |
| ५ | श्री ब्रम्हलाल श्रेष्ठ | ६ | श्री उद्धव प्रसाद घिमिरे |
| ७ | श्री नरसिं लाल चखु | | |

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

१०. मन्तव्य, जिज्ञासा र सुझावहरु

उल्लेखित वक्ता शेयरधनी महानुभावहरुले यस कम्पनीको नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम जीवन बीमा कम्पनीको न्युनतम चुक्ता पूंजी २०७९ चैत्र मसान्तसम्ममा रु. ५ अरव पुर्याउनु पर्ने वा एक भन्दा बढी कम्पनीहरु मर्जरमा गई उल्लेखित चुक्ता पुंजी पुरा गर्नुपर्ने भएकोले यस कम्पनीमा गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड गाभि उल्लेखित चुक्ता पूंजी पुरा गर्न लागिएकोमा गाभिए पश्चात बन्ने कम्पनी विभिन्न सूचकाङ्कमा अब्वल हुनेछ भन्ने सहितका मन्तव्य एवं सुझावहरु प्रस्तुत गर्नुभयो ।

कम्पनीहरु मर्जर गर्दा कर्मचारीहरुको मनोवलमा कमि नआउने गरि मर्जर प्रक्रिया गर्न सुझाव प्रस्तुत गर्नुभयो । साथै मर्जर पश्चात कम्पनीको शेयरधनीहरुलाई उचित प्रतिफल दिनका लागि व्यवसायिक सफलता उच्च पारि व्यवसायमा उल्लेख्य वृद्धि गर्नका लागि सुझाव प्रस्तुत गर्नुभयो ।

सभाका सभापतीले वक्ता शेयरधनीहरु महानूभावहरुका जिज्ञासाहरुका सम्वन्धमा तत्कालै जवाफ दिदै कम्पनी मर्जर पश्चात बन्ने नयां कम्पनीको हितको लागी प्राप्त उपयुक्त सुझावहरुको लागी धन्यवाद दिनुभयो । तत्पश्चात विशेष साधारण सभाका लागि निर्दिष्ट गरिएका विशेष प्रस्तावहरुका सम्वन्धमा देहाय बमोजिम निर्णयहरु गरियो ।

११. विशेष प्रस्तावहरुका सम्बन्धमा सभाका निर्णयहरु

१. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्वन्धी प्रस्ताव पारित गर्नका लागि सभासमक्ष प्रस्ताव पेश गर्दा मर्जर सम्वन्धि सम्झौता बमोजिम प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड गाभ्ने अर्थात प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड गाभिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

२. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम **"हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रेजीमा **"Himalayan Life Insurance Limited"** कायम गर्नका लागि सभासमक्ष पेश गर्दा सो नाम कायम गरि जीवन बीमा व्यवसाय गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै यस कम्पनीको प्रवन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ र ३(ग) मा निम्न बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै प्रवन्धपत्र तथा नियमावलीका अन्य दफा/नियमहरुमा कम्पनीको नाम प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड उल्लेख भएकोमा हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड भनिने व्यहोरा समेत पारित गरियो ।

**प्रवन्धपत्रको दफा १ मा संशोधन**

| *दफा* | *विद्यमान व्यवस्था* | *प्रस्तावित संशोधन* | *संशोधनको कारण* |
|---|---|---|---|
| १ | कम्पनीको नाम : यस कम्पनीको नाम प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड हुनेछ । | कम्पनीको नाम : यस कम्पनीको नाम हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड हुनेछ । | गाभ्ने/गाभिने सम्झौता बमोजिम कम्पनीको नाम परिवर्तन गर्ने निर्णय भएकोले |

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

नियमावलीमा संशोधन

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| १ | कम्पनीको नाम : यस कम्पनीको नाम प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड हुनेछ । | कम्पनीको नाम : यस कम्पनीको नाम हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड हुनेछ । | गाभ्ने/गाभिने सम्झौता बमोजिम कम्पनीको नाम परिवर्तन गर्ने निर्णय भएकोले । |
| ३(ग) | "कम्पनी" भन्नाले प्राइम लाइफ इन्स्योरेन्स कम्पनीलाई सम्झनु पर्छ । | "कम्पनी" भन्नाले हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडलाई सम्झनुपर्छ । | गाभ्ने/गाभिने सम्झौता बमोजिम कम्पनीको नाम परिवर्तन गर्ने निर्णय भएकोले । |

३. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनको लागि मुल्यांकनकर्ता सुबोध एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टसद्वारा तयार गरिएको प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Diligence Report)** तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको आधारमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको (तीनै कम्पनीको) शेयर अनुपात क्रमशः १:१:१ कायम गरी गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने प्रस्ताव सभा समक्ष पेश गर्दा उल्लेखित शेयर अनुपातमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्यको लागि गरिएको अन्तिम संझौतापत्र **(Scheme of Agreement),** सहमतीपत्र **(Memorandum of Understanding)** तथा अन्य भए गरेका मर्जर सम्बद्ध संझौताहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्नका लागि सभासमक्ष पेश गर्दा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्यको लागि गरिएको अन्तिम संझौतापत्र **(Scheme of Agreement),** सहमतीपत्र **(Memorandum of Understanding)** तथा अन्य भए गरेका मर्जर सम्बद्ध संझौताहरुको सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

५. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड विच एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि यस कम्पनीको चल अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन गरि चल/अचल सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन **(Due Diligence Report)** तयार गर्नका लागि पारिश्रमिक बापत रु. रु.१८,६४,५००/- मुल्य अभिवृद्धि कर बाहेक प्रदान गर्ने गरी मुल्याङ्कनकर्ताको रुपमा सुबोध एण्ड एसोसिएट्स, चाटर्ड एकाउन्टेन्ट्सलाई गरिएको नियुक्ति तथा उल्लेखित पारिश्रमिक पारित गर्नका लागि सभासमक्ष पेश गर्दा सो नियुक्ती र पारिश्रमिक सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

६. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिको लागि नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणमा निवेदन गर्न र गाभ्ने/गाभिने कार्यसंग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन भए



प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी यस कम्पनीको संचालक समितिलाई प्रदान गर्न सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

७. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात गठन हुने संचालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार यस कम्पनीको संचालक समितिलाई दिने तथा गाभिए पश्चात बन्ने कम्पनीको संचालक समितिमा यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट चयन भई आउनु हुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी यस कम्पनीको संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

८. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको साविक संचालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै अवधि बाँकी रहेको भएता पनि गाभ्ने गाभिने कार्य सम्पन्न भई साविक तिनवटै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ संचालक समिति गठन भए पश्चात विद्यमान संचालकहरुको कार्यकाल स्वत: समाप्त भएको मानिने साथै तिनवटा कम्पनी एकआपसमा गाभिए पश्चात गठित नयाँ संचालक समितिको कार्यकाल समेत गाभिए पछि बन्ने कम्पनीको प्रथम वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव सभासमक्ष पेश गरिएकोमा उल्लेखित प्रावधान सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । साथै कम्पनीहरु गाभिए पश्चात गठन हुने नयाँ संचालक समितिमा तिनवटा कम्पनीहरुको प्रतिनिधित्व हुने गरि गाभिए पछि बन्ने कम्पनीको प्रथम वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने गरि तिनवटै कम्पनीको शेयरधनीहरुको तर्फबाट दुइ/दुइ जनाले प्रतिनिधित्व गर्ने गरि ६ सदस्यिय सञ्चालक समिति गठन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

९. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको रजिष्टर्ड (केन्द्रिय) कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १ काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा आवश्यक संसोधन गर्ने सम्बन्धी प्रस्ताव सभासमक्ष पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । साथै कम्पनीको प्रवन्धपत्रको निम्नलिखित दफामा उल्लेख गरेबमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्रमा संशोधन**

| *दफा* | *विद्यमान व्यवस्था* | *प्रस्तावित संशोधन* | *संशोधनको कारण* |
|---|---|---|---|
| २ | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ । | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा प्रादेशिक, शाखा, उपशाखा तथा सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ । | कम्पनीको रजिष्टर्ड कार्यालय र अन्य कार्यालयहरु स्थापना सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको । |

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौं

नियमावलीमा संशोधन

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| २ | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ । | कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा प्रादेशिक, शाखा, उपशाखा तथा सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ । | कम्पनीको रजिष्टर्ड कार्यालय र अन्य कार्यालयहरु स्थापना सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको । |

१०. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रक्रिया भएपश्चात गाभ्ने कम्पनी प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड भएकोले यस कम्पनीको कम्पनी दर्ता नम्वर, आयकर दर्ता नम्वर लगायत अन्य निकायवाट प्राप्त इजाजतपत्रहरु समेत प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नैं प्रयोग गर्ने र गाभिए पश्चात कम्पनीको नाम, अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि हुने हुँदा सोहि मुताविक कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको दफाहरु संशोधन गरी अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि गर्न सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो उल्लेखित समग्र प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो साथै कम्पनीको प्रवन्धपत्रको निम्नलिखित दफामा निम्नवमोजिम संशोधन गर्ने निर्णय गरियो ।

प्रवन्धपत्रमा संशोधन

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| ६(क) | कम्पनीको अधिकृत पूंजी रु. ५,००,००,००,०००।०० ( रु. पांच अरव) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० (एक सय) का दरका ५,००,००,००० (पांच करोड) थान साधारण शेयरमा विभाजन गरिएकोछ । | कम्पनीको अधिकृत पूंजी रु. १०,००,००,००,०००।०० (रु. दश अरव) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० (एक सय रुपैया) का दरका १०,००,००,०००_ (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | गाभ्ने/गाभिने सम्झौता बमोजिम कम्पनीको अधिकृत पूंजी परिवर्तन गर्नुपर्ने भएकोले । |
| ६(ख) | कम्पनीको जारी तथा चुक्ता पूंजी वोनश शेयर बांडफांड पश्चात रु. ३,१४,०९,६५,६०२/- (अक्षरुपी तिन अरव चौध करोड नौ लाख पैसट्ठी हजार छ सय दुइ रुपैया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००/- (एक सय रुपैया) | कम्पनीको जारी तथा चुक्ता पूंजी रु. ८,०२,०३,८३,६०२/- (अक्षरुपी आठ अरव दुई करोड तिन लाख त्रियासी हजार छ सय दुइ रुपैया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००/- (एक सय रुपैया) का दरका ८,०२,०३,८३७ | गाभ्ने/गाभिने सम्झौता बमोजिम कम्पनीको जारी तथा चुक्ता पूंजी परिवर्तन गर्नुपर्ने भएकोले । |



प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. प्रधान कार्यालय हात्तीसार, काठमाडौ

| | | | |
|---|---|---|---|
| | का दरका ३,१४,०९,६५६ (तिन करोड चौध लाख नौ हजार छ सय छपन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (आठ करोड दुई लाख तिन हजार आठ सय सैतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |
| ६ (घ) | कम्पनीले जारी पूंजीको ४९ (उनान्पचास) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याइएको छ । | कम्पनीको शेयर संरचना अन्तर्गत जारी तथा चुक्ता पूंजीको ५१ प्रतिशत संस्थापक शेयरधनीको र ४९ प्रतिशत सर्वसाधारण शेयरधनीको लागी छुट्याइएको छ | गाभ्ने/गाभिने सम्झौता वमोजिम कम्पनीको पूंजी संरचना परिवर्तन हुने भएकोले । |

११. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व क्रमश: ५१ प्रतिशत र ४९ प्रतिशत रहने प्रस्ताव सभासमक्ष पेश गरिएकोमा सर्वसम्मत रुपमा पारित गरियो । कम्पनी गाभिए पश्चात उल्लेखित शेयर अनुपातको आधारमा बन्ने सञ्चालक समितिमा कम्पनीको प्रथम बार्षिक/विशेष साधारण सभावाट लागू हुने गरि निम्न वमोजिम प्रतिनिधित्व रहने गरि कम्पनीको नियमावलीमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**नियमावलीमा संशोधन**

| *नियम* | *विद्यमान व्यवस्था* | *प्रस्तावित संशोधन* | *संशोधनको कारण* |
|---|---|---|---|
| २७ | २७ (१) सञ्चालक समितिमा संस्थापक समूह (क वर्ग) वाट ४ जना, सर्वसाधारण समूह (ख वर्ग) वाट २ जना र स्वतन्त्र सञ्चालक १ जना रहनेछन् । | २७ (१) सञ्चालक समितिमा संस्थापक समूह (क वर्ग) वाट ३ जना, सर्वसाधारण समूह (ख वर्ग) वाट ३ जना र स्वतन्त्र सञ्चालक १ जना रहनेछन् । | शेयर अनुपात वमोजिम सञ्चालक प्रतिनिधित्वमा परिवर्तन गर्नुपर्ने भएकोले । |

यस प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात् तिनवटा कम्पनीले हालसम्म गरेको कामकारवाहीलाई मान्यता दिन यस कम्पनीको प्रवन्धपत्रको दफा १२ मा देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्रमा संशोधन**

| | | | |
|---|---|---|---|
| १२ (क) | छैन । | दफा १२(क) : प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात् कायम हुने हिमालयन लाईफ इन्स्योरेन्स लि. ले तिनवटै कम्पनीहरुले हालसम्म गरेको कामकारवाहीलाई यसै कम्पनीले गरेको मान्यता दिइने तथा तिनै वटा कम्पनीको सम्पत्ति तथा दायित्व यस कम्पनीले स्वीकार गर्नेछ । | गाभिए पश्चातको लागि स्पष्ट गरिएको |

प्राइम लाइफ इन्स्योरेन्स
कम्पनी लि.
प्रधान कार्यालय
हात्तीसार, काठमाडौं

१२. प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायले कुनै फेरवदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरवदल गर्नुपर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभासमक्ष पेश गरिएकोमा सो बमोजिम संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्न सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ख) **विविध:** विविध अन्तर्गत छलफल गर्ने विषयवस्तु नभएको ।

१२. **धन्यबाद ज्ञापन**

यस विशेष साधारण सभामा छलफल गर्ने विषयहरु उपरको छलफलको क्रम समाप्त भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, नेपाल वीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक लगायत कम्पनीको व्यवस्थापन समूह र सम्पूर्ण कर्मचारीहरु साथै सम्वन्धित सबैलाई सभापति ज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जन**

सभाका सभापतिज्यूबाट सभामा उपस्थित सबै शेयरधनी एवं अन्य सम्पूर्ण महानुभावहरुलाई वहांहरुको यस सभामा भएको सहभागीता तथा अमुल्य सुझावको लागी आभार प्रकट गर्दै पुन: धन्यवाद ज्ञापन गरि विशेष साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

............................

राजन प्रसाद अधिकारी
कम्पनी सचिव

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.
प्रधान कार्यालय
हात्तीसार, काठमाडौं

............................

प्रियुष राज अर्याल
संचालक समितिका अध्यक्ष
तथा यस सभाका सभापती